KEEPING SAFE
CHILD PROTECTION CURRICULUM

# आमाबाबु र हेरचाहकर्ताहरूका लागि जानकारी

*Nepali*

सुरक्षित राख्ने (The Keeping Safe): बालबालिका संरक्षण पाठ्यक्रम (Child Protection Curriculum) (KS:CPC) भनेको जन्मदेखि १२ कक्षा (उमेर १७+) सम्मका बालबालिकाहरू र भर्खरका युवाहरूको लागि बाल सुरक्षा र आदरपूर्ण सम्बन्ध बारेको शिक्षा हो। यो स्कुल र प्रि-स्कुलहरूमा आवश्यक तालिम प्राप्त शिक्षाविद्हरूद्वारा पढाइन्छ।

सुरक्षित राख्ने: बालबालिका संरक्षण पाठ्यक्रम (KS:CPC) साउथ अस्ट्रेलियामा शिक्षा विभागद्वारा तयार पारिएको हो र यसमा रहेको विषयको गहराइ, सिकाइको दायरा र समसामयिक स्वभावका कारण यसलाई आदरपूर्वक लिइन्छ।

सुरक्षित राख्ने: बालबालिका संरक्षण पाठ्यक्रम (KS:CPC) ले बालबालिकाहरू र भर्खरका युवाहरूलाई निम्नरुपले सहयोग गर्दछ:

- सुरक्षित रहने उनीहरूको अधिकार छ भनी बुझ्न
- दुर्व्यवहार र असुरक्षित परिस्थितिहरू पहिचान गर्न
- उनीहरूलाई सुरक्षित राख्न सहयोगको लागि रणनीतिहरू विकास र लागू गर्न
- सहयोग खोज्न र रिपोर्ट गर्न।

सबै बालबालिकाहरू र भर्खरका युवाहरूको अधिकारको रक्षा गर्न शिक्षा महत्त्वपूर्ण छ र यसले उनीहरूलाई आफ्नो र अरूको सुरक्षाको लागि वकालत गर्न सशक्त तुल्याउँछ।

सुरक्षित राख्ने: बालबालिका संरक्षण पाठ्यक्रम (KS:CPC) कार्यान्वयनको बारेमा आमाबाबु र हेरचाहकर्ताहरूलाई आफ्नो बालबालिकाहरूको विद्यालय वा प्री-स्कूलसँग कुरा गर्न प्रोत्साहित गरिन्छ।

सुरक्षित राख्ने: बालबालिका संरक्षण पाठ्यक्रम (KS:CPC) को संक्षिप्त जानकारी तलको पृष्ठमा उपलब्ध छ।

थप जानकारीको लागि www.kscpc.sa.edu.au/parent-carer-information मा हेर्नुहोस्।

## आमाबाबु र हेरचाहकर्ताहरूका लागि स्रोत सामाग्रीहरू

- बाल शोषण रोक्न अस्ट्रेलियाली केन्द्र (Australian Centre to Counter Child Exploitation): www.accce.gov.au
- अन्तर्राष्ट्रिय बाल हेल्पलाइन (Child Helpline International) (अस्ट्रेलिया बाहिरका विद्यालयहरूका लागि) (for schools outside of Australia): www.childhelplineinternational.org
- सहमति प्रतीक्षा गर्न सक्दैन (Consent can't wait) (अस्ट्रेलियाली सरकार) (Australian Government): www.consent.gov.au
- ई-सेफ्टी आयुक्त (eSafety Commissioner) – आमाबाबुहरूको लागि जानकारी (information for parents): www.esafety.gov.au/parents
- किड्स हेल्पलाइन (Kids Helpline) – आमाबाबुहरूको लागि जानकारी (information for parents): www.kidshelpline.com.au/parents
- राष्ट्रिय यौनिक आक्रमण, घरेलु र पारिवारिक हिंसा परामर्श सेवा (National sexual assault, domestic and family violence counselling service): www.1800respect.org.au
- आमाबाबुको लागि सजिलो गाइड्स (Parent easy guides) प्यारेन्टिङ्ग एस ए (Parenting SA): www.parenting.sa.gov.au/easy-guides
- बालबालिका हुर्काउने नेटवर्क (Raising children network): www.raisingchildren.net.au
- युवा कानून अस्ट्रेलिया (Youth Law Australia): www.yla.org.au

## सुरक्षित राख्ने: बालबालिका संरक्षण पाठ्यक्रम (KS:CPC) विषयहरू

यी दुई विषय पाठ्यक्रमका मूल सिद्धान्त र मुख्य बुझाइहरूमा केन्द्रित छन्:

- हामी सबैको सुरक्षित रहने अधिकार छ।
- हामीले विश्वास गर्ने मानिसहरूसँग कुरा गरेर आफूलाई सुरक्षित बनाउन मद्दत गर्न सक्छौं।

## सुरक्षित राख्ने: बालबालिका संरक्षण पाठ्यक्रम (KS:CPC) संक्षिप्त जानकारी

सुरक्षित राख्ने: बालबालिका संरक्षण पाठ्यक्रम (KS:CPC) ले जन्मदेखि १२ कक्षा (उमेर १७+) का बालबालिका र भर्खरका युवाहरूका लागि उमेर र विकासको दृष्टिकोणबाट उपयुक्त तरिकाले बाल सुरक्षा र आदरपूर्ण सम्बन्धहरू (अनलाइन सहित) लाई सम्बोधन गर्दछ।

| | |
|---|---|
| **सुरक्षित राख्ने**<br>**(Keeping safe)** | • दुई सुरक्षित राख्ने: बालबालिका संरक्षण पाठ्यक्रम (KS:CPC) विषयहरू बुझ्न।<br>• मद्दत लिन सकिने विश्वसनीय मानिसहरू र सहयोग सेवाहरूको पहिचान गर्न । |
| **अधिकार र जिम्मेवारीहरू**<br>**(Rights and responsibilities)** | • सबैजनाका अधिकार र जिम्मेवारीहरु छन्।<br>• गोपनीयता, व्यक्तिगत स्पेस र सिमा क्षेत्रहरू।<br>• जेन्डर सम्बन्धी निश्चित पूर्वधारणाले व्यक्तिहरु र समाजमा कसरी प्रभाव पार्न सक्छ। |
| **सुरक्षित र असुरक्षित**<br>**(Safe and unsafe)** | • असुरक्षित अवस्थाका सूचकहरूका रूपमा चेतावनीका संकेतहरू।<br>• असुरक्षित अवस्थाहरूलाई सम्बोधन गर्नका लागि रणनीतिहरू।<br>• अवस्थाहरू सुरक्षित बनाउनको लागि जोखिमलाई व्यवस्थापन गर्नु। |
| **विश्वसनीय सञ्जालहरू**<br>**(Trusted networks)** | • विश्वसनीय व्यक्तिको गुणहरू।<br>• मानिस र सहयोग सेवाहरूको विश्वसनीय सञ्जाल विकास गर्न।<br>• विश्वसनीय मानिस र सहयोग सेवाहरूमा कसरी पहुँच प्राप्त गर्ने। |
| **आदरपूर्ण सम्बन्धहरु**<br>**(Respectful relationships)** | • स्वस्थ, अस्वस्थ र अपमानजनक सम्बन्धका विशेषताहरू।<br>• सम्बन्धबीचमा अधिकार र जिम्मेवारीहरू।<br>• फरक सन्दर्भहरूमा सहमति र रणनीतिहरूको प्रयोग। |
| **सम्बन्धहरूमा शक्ति**<br>**(Power in relationships)** | • शक्तिको सकारात्मक प्रयोग र दुरुपयोग।<br>• सम्बन्धहरूमा सताउने कार्य (bullying) र घरेलु तथा पारिवारिक हिंसा लगायत हानिकारक व्यवहारहरू।<br>• हानिकारक व्यवहारहरू सम्बोधनका लागि रणनीतिहरू। |
| **शरीरका अंगहरू र स्पर्श**<br>**(Body parts and touch)** | • शरीरका भागहरूको सहि नाम र स्थान।<br>• सम्पूर्ण शरीर निजी हुन्छ।<br>• सुरक्षित, असुरक्षित र अनावश्यक स्पर्श। |
| **दुर्व्यवहारको बुझाइ**<br>**(Understanding abuse)** | • हानि, दुर्व्यवहार (शारीरिक, यौनिक, भावनात्मक) र उपेक्षा।<br>• दुर्व्यवहार र असुरक्षित परिस्थितिहरू रिपोर्ट गर्नको लागि रणनीतिहरू।<br>• अरूलाई सहयोग गर्दा अपनाइने सुरक्षित अपस्ट्यान्डर (Upstander) व्यवहारहरू। |
| **रणनीतिहरू**<br>**(Strategies)** | • सहनशक्ति, निरन्तरता र दृढता।<br>• सुरक्षा बढाउनको लागि सुरक्षात्मक रणनीतिहरू। |
| **सहयोग खोज्ने**<br>**(Seeking support)** | • विश्वसनिय सञ्जालहरूलाई नियमित रूपमा समिक्षा गर्नु।<br>• आकस्मिक अवस्थाहरूमा लगायत विश्वसनीय मानिसहरू र सहयोग सेवाहरूबाट सहायता खोज्नु। |